# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, वैशाख ७ गते, २०८० साल (अतिरिक्ताङ्क ०१


## भाग २

गण्डकी प्रदेश सरकार

<u>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सूचना</u>

### अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८०

<u>प्रस्तावना:</u> गण्डकी प्रदेश अन्तर्गतका अस्पतालहरुबाट प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन तथा अस्पतालहरुको कामकारवाही गुणस्तरीय, चुस्त, दुरुस्त प्रभावकारी बनाउने कार्यमा सहयोग गर्न प्रत्येक अस्पतालमा एक अस्पताल व्यवस्थापन समिति गठन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "अस्पताल व्यवस्थापन गठन आदेश, २०८०" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अस्पताल" भन्नाले नेपाल सरकारबाट गण्डकी प्रदेश सरकार मातहत रहने भनी तोकेका र प्रदेश सरकारको कार्य जिम्मेवारीमा थप हुन आउने अस्पतालहरु समेतलाई सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "मन्त्री" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्री सम्झनु पर्छ।

(च) "कोष" भन्नाले दफा ८ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले महानगर/उपमहानगर/नगर/ गाउँ/पालिकालाई सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस गठन आदेश अन्तर्गत हुने कार्यकारी आदेश वा निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक अस्पतालहरुमा देहाय बमोजिमका पदाधिकारी रहेको अस्पताल व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति -अध्यक्ष

(ख) प्रमुख/अध्यक्ष, अस्पताल रहेको सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक / प्रमुख कोष तथा लेखा नियन्त्रक -सदस्य

(ङ) अध्यक्ष, अस्पताल रहेको क्षेत्रको उद्योग बाणिज्य संघ -सदस्य

(च) सम्बन्धित जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशिल महिलाहरु मध्ये समितिले मनोनयन गरेको स्नातक उपाधी प्राप्त एक जना -सदस्य

(छ) प्रमुख मेडिकल सुपरिटेण्डेन्ट / मेडिकल सुपरिटेण्डेन्ट -सदस्य सचिव

(२) उपदफा (१) (च) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमका पदाधिकारीहरूलाई मन्त्रालयले नियुक्ति पत्र दिनेछ ।

४. **<u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक त्रैमासिक रुपमा कम्तिमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ।

(३) समितिको बैठक बस्नु अगावै सदस्य सचिवले बैठकको एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिले आवश्यकतानुसार सम्वन्धित क्षेत्रको विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सदस्य-सचिवले समितिको निर्णय प्रमाणित गरी राख्नु पर्नेछ ।

(८) समितिका पदाधीकारीहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन्।

(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

(१०) बैठकको निर्णय बैठक बसेको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको विकासका लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय एवं स्रोत-साधन व्यवस्थापन गरी सेवालाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउन सहयोग गर्ने,

(ख) प्रभावकारीरूपमा अस्पतालको सेवा सञ्चालन र व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने,

(ग) अस्पतालको लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्न सहयोग गर्ने,

(घ) अस्पतालको आन्तरिक स्रोतको बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गराउने,

(ङ) अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्न लगाउने,

(च) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(छ) अस्पतालजन्य फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाउने,

(ज) सक्षमता, आवश्यकता र औचित्यको आधारमा आन्तरिक स्रोतको मितव्ययी रुपमा अस्पतालमा कार्यरत कर्मचारीको थप सेवा सुविधा स्वीकृत गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने/गराउने,

६. **<u>अध्यक्षको काम कर्तव्य र अधिकारः</u>** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पर्ने स्रोत/साधन जुटाउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, समुदाय र सम्बन्धित निकायका बीचमा आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ग) प्रचलित कानूनको अधीनमा रही अस्पतालको विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने/गराउने।

(घ) समितिको बठैक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(च) समय समयमा अस्पतालको निरीक्षण गरी अस्पतालको सेवा प्रवाह सम्बन्धमा प्राप्त सेवाग्राहीको गुनासो सम्बोधन गर्ने/गराउने ।

७. **<u>सदस्य सचिवको काम कर्तव्य र अधिकार:</u>** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) अस्पतालको सेवा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने गराउने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(घ) अस्पतालको सम्पत्तिको सुरक्षा, संरक्षण एवं आवश्यक रेखदेख गर्ने/गराउने,

(ङ) अध्यक्षसँगको समन्वयमा बैठकको एजेण्डा तयार गरी बैठक बोलाउने,

(च) दैनिक प्रशासनिक कार्य गर्ने गराउने,

(छ) मासिक रूपमा प्रतिवेदन तयार गरी मन्त्रालय र स्वास्थ्य निर्देशनालय समक्ष पेश गर्ने,

(ज) समितिले गरेको निर्णय अनुरुपका अन्य आवश्यक कार्यहरु गर्ने/गराउने।

८. **<u>समितिको कोष सम्बन्धी व्यवस्था:</u>** (१) समितिको खाता प्रदेश लेखा नियन्त्रक / कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गत विविध खाता रहनेछ।

(२) समितिको खातामा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट अस्पताल सञ्चालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको काम कारवाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(५) समितिको खाता अस्पतालको प्रमुख / मेडिकल सुपरिटेण्डेन्ट र अस्पतालको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) कोषको रकम समितिको बैठकको निर्णय अनुसार खर्च गर्नु पर्नेछ ।

(७) समितिको कोषमा जम्मा हुन आएको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ । प्रयोजन नखुलेको कोषको रकम समितिबाट निर्णय गरे बमोजिम हुनेछ।

९. **जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था:** (१) समितिले अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि गर्नका लागि अस्पतालको आन्तरिक श्रोतबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्ति सेवा करारमा लिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न अस्पतालमा देहाय बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) प्रमुख / मेडिकल सुपरिटेण्डेन्ट -संयोजक

(ख) मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) प्रदेश लेखा / कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) अस्पताल नर्सिङ प्रमुख -सदस्य

(च) अस्पतालको प्रशासन शाखा प्रमुख (रिक्त रहेको अवस्थामा संयोजकले तोकेको कर्मचारी) -सदस्य सचिव

(३) संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले अनुसूची बमोजिमको ढाँचामा अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्नेछ ।

(४) अस्पताल व्यवस्थापन समितिले निर्णय गरी उपदफा (२) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृतिको लागि पेश भएको प्रतिवेदन मन्त्रालयको सचिवले थप/घट गरी स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी सम्वन्धित अस्पताललाई दिनु पर्नेछ ।

(६) सम्वन्धित अस्पतालले उपदफा (५) बमोजिम स्वीकृत भएको जनशक्ति अस्पतालको आन्तरिक स्रोतबाट सेवा सुविधा उपलब्ध गराउने गरी प्रचलित कानूनले निर्धारण गरेको योग्यता भएको व्यक्ति उम्मेदवार हुने गरी खुला प्रतियोगिताद्वारा जनशक्ति पदपूर्ति गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पदपूर्ति भएको जनशक्तिलाई नियमानुसार सेवा करार सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत साविक आदेश वा कार्यविधि बमोजिम अस्पतालको अन्तरिक स्रोतबाट सेवा सुविधा उपलब्ध गराउने गरी कार्यरत कर्मचारीहरु यो आदेश प्रारम्भ भएपछी अस्पतालको आवश्यकताको आधारमा कायम रहन सक्नेछन । यसरी राखिएको जनशक्तिको समेत संगठन तथा व्यवस्थापन सर्वेक्षणमा समावेश गराउनु पर्नेछ ।

(९) उपदफा (६) र (८) बमोजिम सेवा करारमा नियुक्ति हुने जनशक्तिको पारिश्रमिक, सेवाको शर्त र सुविधा सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस दफा बमोजिम सेवा करारमा रहेका जनशक्तिको कार्य सम्पादन सन्तोषजनक नभएमा वा अस्पताललाई उक्त जनशक्ति आवश्यक नभएमा जुनसुकै बेला सेवा करार रद्ध गरी सेवाबाट हटाउन सकिनेछ ।

१०. **लेखा र लेखा परीक्षण सम्बन्धि व्यवस्थाः** (१) अस्पतालको आय-व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राखु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय / कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(३) समितिले प्रचलित कानून बमोजिम समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(४) मन्त्रालयले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

११. **अधिकार प्रत्यायोजनः** समितिले आफुलाई प्राप्त अधिकारहरु अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने र अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने

बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **निर्देशन दिन सक्नेः** मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१३. **अभिलेख तथा प्रतिवेदनः** (१) बिरामीको उपचार सम्बन्धी अभिलेख तयार गरी सोही बमोजिम विद्युतीय प्रणालीमा अनिवार्य प्रविष्टि गर्नु पर्नेछ।

(२) अस्पतालले उपदफा (१) बमोजिम अभिलेख उतार गरी मासिक रुपमा प्रतिवेदन प्रत्येक महिनाको सात गतेभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१४. **प्रदेश सरकारसँग सम्बन्धः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

१५. **खारेजी र बचाउः** (१) अस्पताल व्यवस्थापन समिति गठन आदेश,२०७५ खारेज गरिएको छ।

(२) यो आदेश जारी हुदाँका बखत कार्यान्वयनमा रहेको अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधी समाप्त भए वा उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम पदबाट हटाइएमा वा पदमुक्त भएमा यो आदेश बमोजिमको समिति गठन हुनेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्षको पद रिक्त भएमा समिति स्वतः विघटन हुनेछ। अध्यक्षको पदावधी बाँकी रहदै मनोनीत सदस्यको पद रिक्त भएमा उक्त पदमा सदस्यको मनोनयन गरिने छैन।

(४) अस्पताल व्यवस्थापन समिति गठन आदेश,२०७५ बमोजिम भए गरेका कामकारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची**

(दफा ९ को उपदफा (३) सँग सम्वन्धित)

**संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा**

भाग — १

**परिचय**

१. अध्ययनको पृष्ठभूमी :

२. समितिको गठन :

३. अध्ययनको उदेश्य :

४. अध्ययनको विधि र सिमा :

भाग — २

**मौजुदा दरवन्दी**

१. मौजुदा दरवन्दी र पदपूर्तिको अवस्थाको विश्लेषण :

भाग — ३

**विश्लेषण र औचित्य**

१. कार्यबोझ र कार्यप्रकृतिको विश्लेषण :

भाग — ४

**प्रस्तावित दरवन्दी, वित्तीय विश्लेषण र सिफारिस**

१. अस्पतालमा थप गर्नु पर्ने प्रस्तावित दरवन्दी तेरिजको विवरण :

२. अस्पतालको आन्तिरिक आय र प्रस्तावित दरवन्दी तेरिजबाट अस्पतालको आन्तरिक श्रोतमा पर्न जाने वित्तीय व्यय भारको विश्लेषण :

३. अन्य सुझाव, सिफारिस र निष्कर्ष :

आज्ञाले,
डा. विनोद विन्दु शर्मा
प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय । मूल्य रु १०।-

# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख ८ गते, २०८२ साल (अतिरिक्ताङ्क ०१(क)

## भाग २

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

**अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२**

अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० को दफा ३ को उपदफा (१) मा संशोधनः</u>** अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० को दफा ३ को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"च) सम्बन्धित जिल्लाका सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुमध्ये मन्त्रालयले मनोनयन गरेको कम्तीमा प्रविणता प्रमाणपत्र तह उपाधि प्राप्त एक जना -सदस्य।"

आज्ञाले,
डा. विश्वबन्धु बगाले
प्रदेश सरकारको सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-